# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०५।३१ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला डडेल्धुरा, अमरगढी नगरपालिका वडा नं. २ सोलपारी स्थायी वतन भएका लक्ष्मण सिंहले डडेल्धुरा अस्पताल विकास समितिको अध्यक्ष पदमा मनोनयन हुँदा पेश गरेको शैक्षिक योग्यताका प्रमाण-पत्रहरु नक्कली भएको र योग्यता ढाँटेर नियुक्ति भएको हुँदा शैक्षिक योग्यताको प्रमाण-पत्र उपर छानविन हुन भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला डडेल्धुरा, डडेल्धुराको अस्पतालको विकास समितिमा तत्कालीन अध्यक्ष पदमा कार्यरत लक्ष्मण सिंहले डडेल्धुरा अस्पताल विकास समिति (गठन) आदेश, २०७६ को दफा ३(२) बमोजिम डडेल्धुरा अस्पताल विकास समितिको अध्यक्ष पदमा मनोनयन/नियुक्ति हुनका लागि ईन्टरमिडियट (PCL) र स्नातक (Bachelor's Degree) तहको झुट्टा तथा नक्कली शैक्षिक प्रमाण-पत्र पेश गरी उल्लेखित पदमा मनोनित भई नियुक्ति लिई ओहोदा, लाभ र सुविधा प्राप्त गरेको हुँदा निज **लक्ष्मण सिंहलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे